# प्रदेश संस्था दर्ता ऐन, २०७५

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# प्रदेश संस्था दर्ता ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५।०९।११

संशोधन गर्ने ऐन
केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. १७

**प्रदेश संस्था दर्ता सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेशस्तरमा सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक तथा परोपकारी, वन वातावरण, खानेपानी तथा सरसफाइ लगायातका कार्य गर्नको लागि मुनाफा रहित संस्था दर्ता गरी त्यस्ता संस्थाको काम कारबाहीमा प्रभावकारिता ल्याउन अनुगमन तथा नियमन गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश संस्था दर्ता ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "एक तह माथिको पदाधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतको हकमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख र प्रमुख जिल्ला

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

अधिकारीको हकमा मन्त्रालय सम्झनु पर्छ ।

(ख) "कार्य समिति" भन्नाले संस्थाको विधान बमोजिम गठन भएको कार्य समिति सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा १४ बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

(छ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, वन वातावरण, खानेपानी र सरसफाइ लगायतका तथा परोपकारी कार्यहरुको विकास, विस्तार एवं प्रवर्धन गर्ने उद्देश्यले स्थापना भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरनाफामूलक संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र लगायत सम्झनु पर्छ र सो शब्दले मैत्री संघ वा संस्थाको रुपमा कार्य गर्ने संघ समेतलाई जनाउँछ ।

(ज) "संस्था दर्ता अधिकारी" भन्नाले एकमात्र स्थानीय तहमा कार्यक्षेत्र भएको संस्थाको हकमा सम्बन्धित

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र एकभन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएको संस्थाको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्छ ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ ।

३. <u>**संगठित संस्था मानिने**</u>: (१) यस ऐन बमोजिम दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ र सो संस्थाको कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट प्राप्त भएको अचल सम्पत्ति वा अनुदानबाट खरिद भएको अचल सम्पत्ति सम्बन्धित तहको सरकारको अनुमति नलिई बिक्री गर्न, नामसारी गर्न, भोगाधिकार दिन, धितो राख्न वा कुनै किसिमले स्वामित्व परिवर्तन गर्न हुँदैन ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

(४) कुनै पनि संस्थाले बढीमा दुईवटा विषयसँग मात्र सम्बन्धित रही कार्य गर्न सक्नेछ ।

(५) कुनै पनि संस्थाले आफ्नो कुल वजेटको मूल हिस्सा लक्षित वर्गप्रति केन्द्रीत गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-२

## संस्थाको दर्ता र नवीकरण

४. **संस्था दर्ता गर्नु पर्ने**: (१) कसैले यस ऐन बमोजिम संस्था दर्ता नगरी संस्था सञ्चालन गर्न गराउन हुँदैन ।

(२) यो ऐन लागू हुनुभन्दा पहिले सञ्चालनमा रहेको संस्थाले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी संस्था दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(३) अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा वा कार्य विस्तार गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्नेछ ।

तर उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक र गैर प्राकृतिक विपद्का घटनामा प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाले यस प्रदेशभित्र सहयोग गर्न चाहेमा सम्बन्धित संस्था दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिएर काम गर्न सक्नेछन् ।

५. **संस्था दर्ता**: (१) कुनै पनि संस्था दर्ता गर्दा कार्य समितिको गठन देहायका आधारमा हुनु पर्नेछः-

(क) कम्तीमा एक तिहाई महिला हुनुपर्ने,

(ख) समावेशी सिद्धान्त अवलम्वन गर्नुपर्ने,

(ग) अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक पदमा महिला हुनु पर्ने ।

(२) कम्तीमा सातजना व्यक्तिले देहायको विवरण खुलाई संस्थाको विधानको तीन प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम,

(ख) उद्देश्य, कार्यविवरण तथा कार्यक्षेत्र,

(ग) समितिका सदस्यको नाम, ठेगाना, सम्पर्क नम्बर, पेशा र नागरिकताको प्रतिलिपि,

(घ) आर्थिक श्रोत,

(ङ) संस्थाको कार्यालय रहने ठेगाना,

(च) अन्य आवश्यक विवरण ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक छानबिन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ ।

(४) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता गर्न नमिल्ने देखेमा सो को कारण सहित आवश्यक कागजात पुनः पेश गर्ने आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको कागजात पेश गर्दा पनि संस्था दर्ता अधिकारीले त्यस्तो संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर एक तह माथिको पदाधिकारीसमक्ष उजुर गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको उजुर प्राप्त भएपछि एक तह माथिको पदाधिकारीले आवश्यक छानबिन गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्ने संस्था दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि संस्था दर्ता अधिकारीले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

संस्था दर्ता गरिदिनु पर्नेछ ।

(७) यस दफा बमोजिमको निवेदन र प्रमाणपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

६. **<u>नवीकरण गर्नु पर्ने</u>** : यस ऐन बमोजिम दर्ता भएको संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र तोकिएको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **<u>संस्थाको उद्देश्यमा हेरफेर</u>**ः (१) कुनै संस्थाले आफ्नो संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा त्यस्तो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(२) एउटै उद्देश्य भएका संस्था एक आपसमा गाभिन चाहेमा संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(३) विशेष साधारण सभामा तत्काल कायम रहेका कुल सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ।

तर सो प्रस्ताव लागू गर्न संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद–३

## संस्थाको सम्पत्ति र लेखा

८. **संस्थाको सम्पत्ति**: (१) कुनै पनि संस्थाले आफ्नो सम्पत्ति सम्बन्धी विवरण दुरूस्त रुपमा राखी एकप्रति सम्बन्धित संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा संस्था दर्ता अधिकारीले प्रहरी प्रशासनको सहयोग लिई त्यस्तो सम्पत्ति फिर्ता लिई सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(३) कुनै संस्था, संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराधजन्य कार्य गरेमा त्यस्तो संस्था, संस्थाको कुनै सदस्य वा व्यक्ति विरुद्ध संस्था दर्ता गर्ने अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको काबाही चलाउने प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

९. **विवरण पठाउनु पर्ने**: कुनै संस्थाको कार्य समितिले आफ्नो संस्थाको आर्थिक कारोवारको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र संस्था दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ ।

१०. **चल अचल सम्पत्ति बिक्री वितरण**: संस्थाको चल अचल सम्पत्ति बिक्री वितरण गर्नु अगाडि संस्था दर्ता अधिकारी समक्ष कारण र औचित्य खुलाई पूर्व स्वीकृति लिनु पर्नेछ ।

११. **लेखा जाँच**: (१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको लेखा आफूले नियुक्त गरेको कुनै अधिकारीबाट जाँच गराउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) लेखा जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) लेखा जाँच गर्ने अधिकारीले संस्था दर्ता अधिकारीले तोकिदिएको म्यादभित्र लेखा जाँचको प्रतिवेदन संस्था दर्ता अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने संस्था दर्ता अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असूल उपर गर्न कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

(४) संस्थाको वित्तीय विवरण दोहोरो लेखा प्रणाली र प्रदेश सरकारको लेखा ढाँचामा राख्नु पर्नेछ ।

(५) प्रदेश सरकारको सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी संस्थाले आर्थिक कारोवार गर्ने छैन ।

(६) तीन वर्षसम्म लगातार नवीकरण नगर्ने र नियमित साधारण सभा नगर्ने उपर संस्था दर्ता गर्ने सम्बन्धित दर्ता अधिकारी मार्फत प्रदेश सरकारले कारबाही गर्न सक्नेछ र पाँच वर्षसम्म नवीकरण नगर्ने संस्थाको सम्पत्ति सम्बन्धित दर्ता अधिकारीले जफत गर्न सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद–४

## दण्ड सजाय

१२. **दण्ड सजायः** (१) दफा ४ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका

कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही पचास हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो संस्थाको चल अचल सम्पत्ति र कागजपत्र जफत गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम लेखाको विवरण नपठाएमा कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) दफा ११ को उपदफा (२) बमोजिम लेखा जाँच गर्ने सम्बन्धित अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद–५

## विविध

१३. **निलम्बन र खारेजीः** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्य गरेमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्नेछ :-

(क) संस्था दर्ता अधिकारीले माग गरेको विवरण उपलब्ध नगराएमा,

(ख) तोकिएको कार्यक्षेत्रभन्दा बाहिर गई कार्य गरे गराएकोमा ।

(२) यस ऐन बमोजिम दर्ता भएका संस्थाहरुले देहायका कुनै कार्य गरे गराएमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्था खारेज गर्न सक्नेछ।

(क) अनुमति नलिई अर्को संस्थामा गाभेमा,

(ख) संस्थाको उद्देश्य हेरफेर गरेको विषय संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति नलिई कार्यान्वयन गरेमा,

(ग) प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा,

(घ) संस्थाको सम्पत्ति हिनामिना गरेमा,

(ङ) लगातार तीन वर्षसम्म संस्था नवीकरण नगराएमा ।

(३) उपदफा (१) बमोजिम निलम्बन गर्दा वा उपदफा (२) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाइ पेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्थाले पेश गरेको सफाइ मनासिव देखिएमा संस्था दर्ता अधिकारीले निलम्बनको प्रकृयालाई स्थगन गर्न सक्नेछ ।

(५) उपदफा (१) र (२) को बमोजिमको निर्णय उपर चित्त नबुझेमा एक तह माथिको पदाधिकारी समक्ष उजुरी गर्न सक्नेछ।

१४. **<u>अनुगमन तथा मूल्याङ्कन</u>**: (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले तोकिएको कार्य गरे नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कानून) - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(ङ) सम्बन्धित बिषयको एक जना विशेषज्ञ - सदस्य

(च) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएका संस्थाको सम्बन्धित निकायले नियमित

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम समितिले आवश्यक देखेमा छानबिन गरी संस्थाले यस ऐन बमोजिम तोकिएको कार्य नगरेको पाइएमा त्यस्तो संस्थाको दर्ता खारेज गर्न सम्बन्धित संस्था दर्ता अधिकारीलाई लेखी पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाइको मौका दिनु पर्नेछ।

**१५. <u>पुरस्कार सम्बन्धी व्यवस्था</u>** : अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा उत्कृष्ट कार्य गर्ने संस्थालाई प्रदेश सरकारले प्रसंशापत्र तथा पुरस्कार दिन सक्नेछ ।

**१६. <u>वैदेशिक सहयोग</u>** : (१) यस ऐन बमोजिम स्थापना भएका संस्थाले वैदेशिक सहयोग लिने सक्नेछ ।

तर वैदेशिक सहयोग लिने सम्बन्धी कार्यविधि प्रदेश सरकारको सिफारिसमा प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कुनैपनि संस्थाले प्राप्त गरेको वैदेशिक सहयोग जुन उद्देश्यका लागि प्राप्त गरेको हो सोही उद्देश्यका लागि मात्र खर्च गर्नु पर्नेछ ।

**१७. <u>स्वीकृति लिनु पर्नेः</u>** (१) यस ऐन बमोजिम जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा दर्ता भएका संस्थाले आफ्नो कार्यक्षेत्रभित्र अनुसूचीमा उल्लेख भए अनुसारको रकमको काम गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनु पर्नेछ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) स्थानीय तहले स्वीकृति नदिएमा सो उपर आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **संस्थाको विघटन वा खारेजी** : संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा यस ऐन बमोजिम वा अन्य कुनै कारणवस संस्था विघटन वा खारेजी भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा प्रदेश सरकारमा सर्नेछ ।

१९. **विवरण पेश गर्ने** : यस ऐन बमोजिम जिल्ला प्रशासन कार्यलय र स्थानीय तहहरुमा दर्ता भएका संस्थाहरुको विधान सहितको विवरण चौमासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

२०. **निर्देशन दिने** : प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

२१. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

अनुसूची

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

स्वीकृति लिनु पर्ने रकमको सीमा

| **क्र.स.** | **रकम सीमा** | **स्वीकृति लिनुपर्ने निकाय** |
|---|---|---|
| १ | पचास लाख सम्म | सम्बन्धित स्थानीय तह |
| २ | पचास लाख भन्दा माथि | प्रदेश सरकार |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश।